# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## प्रगतिनगर नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
### गण्डकी प्रदेश , नेपाल

च.नं.:- ☎ ०७८-५७५३९६

प.सं.:-........./ २०७७ /०७८

मिति : २०७८ /०१/१३

## सूचना ! सूचना !! सूचना !!!

नेपाल लगायत विश्वभर महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोरोना भाइरस (कोभिड-१९) को महामारी यस देबचुली नगरपालिकामा समेत संक्रमण बढ्दै गएकोले सोको रोकथाम तथा नियन्त्रणका लागि तपसिल बमोजिम गर्नु गराउनुहुन सम्पूर्ण नगरबासीहरुमा अनुरोध छ ।

- बारम्बार साबुन पानीले मिचिमिची हात धुने, २ मिटर सामाजिक दुरी कायम गर्ने, मास्क तथा सेनीटाईजर प्रयोग गर्ने ।
- कोभिड-१९ को अबस्था जटिल आउँदैछ ,सचेत बनौ,सुरक्षित रहौ ।
- यो संकटको अन्त्य हाम्रो हातमा छ तेसैले अत्याबश्यक काममा बाहेक घरबाट बाहिर ननिस्कौ ।
- सार्बजनिक यातायातमा सबै यात्रुलाई मास्क लगाउने र सवारी साधनमा सेनीटाईजरको अनिबार्य व्यवस्था गर्नुपर्ने ।
- सम्पूर्ण बिद्यालयहरू मिति २०७८ बैशाख १४ गते देखि १९ गते सम्म ५ दिनका लागि बार्षिक परिक्षा तयारी विदा दिएको र अर्को आदेश नभए सम्मको लागि बिद्यालयहरू कलेज, ट्रयुसन सेन्टर हाललाई घरमै बसी भर्चुअल र बैकल्पिक माध्यमबाट मात्र पठनपाठन जारी राख्ने । थप जानकारीका लागि विद्यालयहरूका प्रध्यानाध्यापकज्यूहरू शिक्षा शाखामा सम्पर्कमा रहनु हुन ।
- मेला,महोत्सब,जात्रा,पर्ब,बिबाह,न्वारन,पास्नी,ब्रतबन्ध,पार्टीप्यालेस,मलामी लगायतका धार्मिक र सास्कृतिक क्रियाकलाप संचालन गर्दा २५ जना भन्दा बढी नहुने गरि संचालन गर्ने ।
- सभा,सम्मेलन,गोष्ठी,सेमिनार,समिक्षा,बैठक,तालिम,प्रशिक्षण जस्ता क्रियाकलाप गर्दा २५ जनामा नबढाई जनस्वास्थ्यका मापदण्ड पुरा गरि संचालन गर्ने ।
- मठ,मन्दिर,चर्च,मस्जित लगायतका स्थानमा जनस्वास्थ्यका मापदण्डहरु पुरा गरि नित्यकर्मा, पुजापाठ,ध्यान र प्राथना मात्र गर्ने गराउने ।
- अत्याबश्यक अबस्थामा बाहेक स्वास्थ्य सस्थामा सेवा लिन नजाने र कोभिड-१९ को लक्षण वा रुघा खोकी,उच्च ज्वोरो, सास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य सस्थामा गई चेकजाच गर्न गराउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।
- होटेल तथा रेस्टुरेन्टले बिहान ८ बजे देखि बेलुका ८ बजे सम्म जनस्वास्थ्यको मापदण्ड पुरा गरि सेवा दिने ।
- हाल महामारीको उग्ररुपमा फैलिएको भारत,विदेश लगायत बाट नेपाल आएकाहरु पी.सि.आर.रिपोर्ट नेगेटिभ आएपनि अनिबार्य रुपमा १० दिनसम्म होम क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउने ।
- सैलुन र ब्युटीपार्लरले स्वास्थ्यका मापदण्ड पुरागरी सेवा दिने ।नगरक्षेत्र भित्र खुल्लारुपमा सडकमा पानीपुरी,चटपटे,फलफुल बेच्दै आएकोमा त्यसलाई बन्द गरि स्वास्थ्यका मापदण्ड पुरा गरि ब्यबस्थित रुपमा संचालन गर्न गराउनुहुनहुन देबचुली नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

उपसचिव
शिक्षा शाखा
देवचुली नगरपालिका